# संघीय संसद
# राष्ट्रिय सभा
## पाँचौं अधिवेशन
## बैठक - २
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ पुस ०७ गते सोमबार**

संघीय संसद, राष्ट्रिय सभाको पाँचौं अधिवेशको दोस्रो बैठक सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्न दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिम माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. खिमलाल भट्टराई**ले दुईजना अध्यक्षको बीचमा स्पष्ट रूपमा कार्यविभाजन गरी के.पी. शर्मा ओलीको नेतृत्वमा ५ वर्षे सरकार र अर्का पार्टी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले पार्टीको नेतृत्व गर्ने गरी भएको स्पष्ट निर्णयले देशमा भएको राजनीतिक अन्यौलतालाई छिचोल्ने काम गरेको बताउनु हुँदै अन्तर्राष्ट्रिय स्तरको दक्षिण एसियाली खेलकुद प्रतियोगिता सम्पन्न गर्ने नेपालले गरेको व्यवस्थापन र यसमा खेलाडीहरूले प्रदर्शन गरेको क्षमताले नेपालीको शिरलाई उच्च बनाउने कार्य गरेकोमा उच्च प्रशंसा गर्नुभयो । उहाँले सुशासन र भ्रष्टाचारमुक्त नेपाल निर्माण गर्ने अभियानमा वर्तमान सरकार अगाडि बढिरहेको बताउनु हुँदै लिपुलेक र लिम्पियाधुराको विषयमा नेपाल सरकारले प्रस्तुत गरेको अडानलाई सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो । त्यसैगरी गोकर्ण रिसोर्ट र नारायणहिटी सङ्ग्रहालयस्थित दरबारमार्ग अगाडि रहेको जग्गा भोगाधिकार सम्बन्धी विषय आलोचनाको रूपमा बाहिर आएकोले यस विषयमा सरकारले सदनलाई जानकारी गराउनुपर्ने जनाउनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नै भूभाग हो भन्ने किसिमले प्रमाणित गर्ने गरी भारतले राजनीतिक नक्सा सार्वजनिक गरेबाट सिर्जित विवाद समाधानका लागि नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीसँग वार्ता र छलफल गर्नुपर्नेमा जोड दिनुहुँदै यस सम्बन्धमा सरकार र यसका अन्य निकायहरूले के गरिरहेका छन्, सो सम्बन्धमा प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने माग गर्नुभयो ।

**मा. ठगेन्द्र प्रकाश पुरी**ले हाम्रा कानूनले समाजमा पारिरहेको प्रभावका सम्बन्धमा समीक्षा गरी उक्त समीक्षाबाट निस्केको निष्कर्ष अनुसार कानून बनाउन सकेमा कानूनहरू अत्यधिक स्वीकार्य हुन सक्नेमा जोड दिनुहुँदै नेपालको संविधान र प्रचलित केही ऐनहरूमा मानसिक अस्वस्थतालाई अयोग्यताको रूपमा राखिएको र कसैलाई लान्छना लगाई कलङ्कित तुल्याएर अयोग्य बनाउने व्यवस्थाहरूले समाजमा हित र भलाइ नगर्ने सन्दर्भमा यस्ता कानूनी व्यवस्थाबाट हामीले प्राप्त गरेको उपलब्धिका सम्बन्धमा समीक्षा गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. कोमल वली**ले सम्माननीय राष्ट्रपतिको निमन्त्रणामा चीनका राष्ट्रपति सी जिन पिङले गर्नुभएको नेपालको औपचारिक भ्रमण, संघीय संसद, प्रदेश सभा र स्थानीय तह गरी देशभरका ५२ स्थानमा सफलतापूर्वक सम्पन्न उपनिर्वाचन र दक्षिण एसियाली खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरी नेपालले आफ्नो इज्जत उच्च तुल्याएकोमा नेपाल सरकारको प्रशंसा गर्नुभयो ।

**मा. रामपृत पासवान**ले प्याजको मूल्य बढेर अकासिएको सन्दर्भमा नेपाल सरकारले "प्याज खानु स्वास्थ्यको लागि हानिकारक छ" भन्ने सूचना जारी गर्नुपर्ने भन्ने व्यङ्ग्यात्मक टिप्पणी गर्नुहुँदै विकास र समृद्धिका लागि विभेद र भ्रष्टाचारको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । त्यसैगरी उहाँले संविधानमा प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली अपनाइएको र दुवै पद्धतिको महत्व उत्तिकै रहे तापनि समानुपातिक निर्वाचन प्रणालीबाट आएका र राष्ट्रिय सभाका सांसदहरूलाई प्रत्यक्ष निर्वाचित प्रतिनिधि सभाका सांसद सरहको व्यवहार नगरिएको भन्दै दुःख व्यक्त गर्नुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले भारतले सन् १८४० को मतगणना गर्दा कुटिया, गर्ज्याङ्ग, नाबी र गुर्जु गाउँमा आफ्नो जनगणना नगरेको र वि. सं. २०१५ सालको नेपालको आम निर्वाचनमा र राष्ट्रिय पञ्चायतको निर्वाचनमा समेत यी गाउँका मतदाताहरूले मतदान गरेको तमाम प्रमाण भएकोले सरकारले यथाशीघ्र कूटनीतिक पहलबाट लिम्पियाधुरा, कालापानी र लिपुलेकको समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. राधेश्याम अधिकारी**ले नेपाल ट्रष्टको सम्पत्ति व्यक्तिगत लाभका लागि व्यापारिक समूहलाई हस्तान्तरण गरिएको, यसको हिनामिना र भ्रष्टाचारमा यस सरकारका प्रधानमन्त्री र उपप्रधानमन्त्री दुवैको संलग्नता रहेको भन्ने धारणा विकसित हुँदै गएकोले यो मुलुकको भलाइमा नहुने बताउनुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले नेपालमा दिनानुदिन सडक दुर्घटना भई सडक सुरक्षाको स्थिति नाजुक बन्दै गइरहेकोले यस विषयलाई मध्यनजर गर्दै सरकारले यथाशीघ्र राष्ट्रिय सडक सुरक्षा परिषद् गठन गर्नुपर्ने माग गर्नुभयो ।

**मा. राम लखन चमार**ले संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय दलित आयोगले दलितको पक्षमा गर्नुपर्ने कामको सन्दर्भमा अरू दलितभन्दा मधेशी दलितलाई फरक तरिकाले व्यवहार गरेकोमा आपत्ति प्रकट गर्नुभयो । राष्ट्रिय दलित आयोगको कार्यसमितिको गठन गर्दा विगतमा मधेशी दलितहरू उपेक्षित रहनुका साथै आयोगले दलित जातिहरूको सूचीमा समेत मधेशी दलितहरूलाई उपेक्षा गरिएकोमा खेद प्रकट गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन), २०७५" र "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" माथि राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय शहरी विकास मन्त्री मोह्मद इश्तियाक राईलाई "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ पुस १० गते बिहान ११:०० बजे** बस्ने गरी **दिनको २:१० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(मनोहरप्रसाद भट्टराई)**
संघीय संसदको महासचिव